कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २०५ | वि.सं. २०८१ फागुन ४ आइतवार | नेपाल संवत्: ११४४, फागुन कृष्ण चतुर्थी | Sunday 16 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# दौतरी मिलेर खोलेको दुना टपरी उद्योगले गाउँमै रोजगारी

**रमेश रावल**
**सुर्खेत, ३ फागुन ।**

सुर्खेतको भेरीगंगा नगरपालिका-१२ को छिन्चुमा पाँच जना दौतरी मिलेर खोलेको दुना टपरी उद्योगबाट गाउँमै रोजगारी सिर्जना भइरहेको छ। घरेलु तथा साना उद्योग कार्यालय सुर्खेतबाट एक वर्ष अघि पाएको तालिमबाट पाँच जना महिला स्वरोजगार बनेका छन्। स्थानीय लिलावती बुढामगर, भुमिका ऐरी ओली, जया डाँगी, दुर्गा बादी र बबिता ओलीले गत वर्ष तालिम लिएर गाउँमै दुना टपरी उद्योग खोलेर स्वरोजगार बनिरहेका छन्। उनीहरुले आफैले उद्योग खोलेर आफु मात्रै रोजगार भएका छैनन्, गाउँका अन्य बेरोजगार महिलासमेत स्वरोजगारमा जोडिएका छन्। वनजङ्गलमा खेर जाने सालको पातबाट दुना-टपरी बनाएर बजारमा बेच्न सुरु गरेपछि यहाँका महिला आयआर्जनमा जोडिन पुगेका छन्।

उनीहरुले वैकल्पिक आम्दानीको स्रोत पहिचान गर्दै खेर गइरहेको वन पैदावरको सदुपयोग गरी दुना टपरीलाई प्राथमिकता दिएका छन्। उद्योगको नेतृत्व लिलावति बुढामगरले गरिरहकी छन्। बुढामगरका श्रीमान्को छिन्चु बजार फोटो स्टुडियो चलाउछन्। श्रीमान्को फोटो स्टुडियोलाई सघाउँदै आएकी बुढामगरले गत वर्ष घरेलु तथा साना उद्योग कार्यालय सुर्खेतले एक दिने महिलालाई दुना टपरी सम्बन्धि तालिम दिन लागेको थाहा पाएकी थिइन। त्यस पश्चात उनले आफूसँगै गाउँका पाँच जना महिलालाई टुना पटरी बनाउने तालिममा सहभागी बनाउन नेतृत्व गरिन।

तालिम पश्चात बेरोजगार रहेका उनीहरु मिलेर गाउँमा नै टुना पटरी बनाउने उद्योग खोलेका हुन्। स्थानीय सामुदायिक वनको भवन भाडामा लिएर उनीहरुले सामुहिक भेरीगंगा रामजानकी दुना टपरी उद्योग खोलेका छन्। तालिम लिएपछि गाउँमा केही गर्नुपर्छ भनेर आफुहरुले टुना पटरी बनाउने

बाँकी ३ पेजमा



## विदेशमा रहेका श्रीमान् बोलाउने तयारी

दुना टपरी उद्योगका अर्की सञ्चालक रहेकी भुमिका ऐरी ओलीले दुई वर्ष अघि विदेशमा रहेका श्रीमान् बोलाउने तयारी गरेकी छन्। गाउँमा रोजगारी नभएपछि परिवार पाल्नका वैदेशिक रोजगारीको क्रममा मलेसिया पुगेका भुमिका श्रीमान् टुना टपरी उद्योगबाट राम्रो आम्दानी हुन थालेपछि घर फर्कने तयारीमा छन्। 'मैले दुना टपरी उद्योगमा राम्रो कमाई गर्न थालेकी छु,' भुमिकाले भनिन्,

बाँकी ३ पेजमा

## पर्यावरण जोगाउनु पर्ने माग

पानीपुरी पसलदेखि मुख्य बजारका क्षेत्रमा अहिले प्लाष्टिकको प्रयोगले वातावरणमा परिरहेको असर रोकथामका दुना टपरीलाई जोड दिइनु पर्ने अध्यक्ष बुढामगर बताउछिन्। 'जहाँ त्यही अहिले हेर्नुभयो भने प्लाष्टिक मात्र देखिन्छन्। त्यसले गर्दा वातावरण नै प्रदुषित हुने गरेको छ,' उनले भनिन्, 'सालका पातको प्रयोगले मानव स्वास्थ्यदेखि वातावरण सरसफाइमा समेत महत्वपूर्ण भूमिका खेल्छ।' सरकारले प्लाष्टिकका सामग्री निषेध गर्नुपर्ने र त्यसको विकल्पका रुपमा दुना टपरी बनाउन जोड दिनुपर्ने बुढामगरको भनाई छ। 'प्लाष्टिकका गिलास, कचौरा, प्लेट लगायतका प्लाष्टिक जन्य पदार्थमा प्रतिबन्ध लगाउनु पर्छ,' उनले भनिन्, 'त्यसको विकल्पका रुपमा दुना टपरी उद्योगलाई प्रोत्साहन गर्नुपर्दछ।'

भोजभतेरमा प्लाष्टिकका कचौरा, थाल, गिलास प्रयोग हुने त्यसले जलाउँदा पनि वातावरण प्रदुषण

बाँकी ४ पेजमा

# तिलाद्वारा चारवटा पक्की विद्यालयका भवन निर्माण

**युग संवाददाता**
**जुम्ला, ३ फागुन ।**

जुम्लाको तिला गाउँपालिकाले गत आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्र चारवटा सामुदायिक विद्यालयका चारवटा पक्की विद्यालयको भवन निर्माण गरेको छ। सङ्घीय सरकारको विशेष अनुदान र सपपुरक अनुदानको ३ करोड ८० लाखमध्ये ठेक्काबाट १ करोड ८८ लाखमा यहाँको देउराली मावि जुम्लाकोटको ८ कोठे पक्की भवन, ज्योति मावि रासाँमालापनीको पक्की भवन,देविदेउरालि आवि पुरुको ६ कोठे पक्कि भवन र सरस्वति मावि कुडारीको ८ कोठे पक्कि भवन निर्माण भएको तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले जानकारी दिए।

त्यस्तै ग्रामिण सडक रारादेखी घोडे सुडि मानेचौर रासाँहुँदै कयरकोट सडक स्तरउन्नती र तलिचौरदेखी लासिसम्म तटबन्धन निर्माण भएको तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले बताए। पालिकाले आव २०८०।८१ को शुक्रबार गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा गाउँपालिकामा बर्षभरी संचालन भएका योजना तथा कार्यक्रम र आय व्ययको सार्वजनिक सुनुवाइ गरेको हो। पालिकाले आव २०८०।८१ मा ५१ करोड २४ लाख ३७ हजार ७९७ अनुमानित बजेट ल्याएको थियो। यसमा कुल बजेटको ८० दशमलव ०१ प्रतिशत खर्च गरेको छ।

चालुतर्फ ९१ दशमलव ८८ प्रतिशत खर्च गरेको गाउँपालिकाले पुँजीगततर्फ ५८ दशमलव ०८ प्रतिशत खर्च भएको गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत जानकी हितानले प्रस्तुत गरेको बार्षिक सार्वजनिक सुनुवाइ प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यस्तै पालिकाले आव २०८०।८१ मा १८ लाख २६ हजार आन्तरिक राजस्व सङ्कलन गरेको जनाएको छ। गाउँपालिकाले वर्षभरी गरिएका योजना तथा प्रदान गरिएका सेवाको पादर्शीता सुनिश्चीत गर्नका लागी गाउँपालिकाले प्रत्येक वर्ष सार्वजनिक सुनुवाई गर्ने गरेको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत हितानले बताए।

सङ्घीय विशेष र समपुरक अनुदान र प्रदेशको विशेष र समपुरक अनुदानबाट गाउँपालिकाद्धारा कार्यान्वयन भएका गौरबका योजना निर्माण भई संचालनमा आएकाछन्। जसमध्ये गाउँपालिकाको प्रशासकीय भवन,तलिचौरदेखी लासिसम्म तटबन्धन निर्माण, कुडारी बजारदेखी डुङ्गि गाउँसम्म सडक स्तरउन्नती, राँसादेखी नदैगुफा सडक निर्माण, दश शैया अस्पताल निर्माणाधिन अवस्था, रासाँदेखीपुरु हुँदै जुम्लाकोट मानेचौरसम्म सडक निर्माण, रारा खानेपानी योजना निर्माणाधिन र वडा नं. ५ को वडा कार्यालय निर्माण भएको गाउँपालिका अध्यक्ष रोकायाले जानकारी दिए।

कार्यक्रमका सहभागीले गाउँपालिकाको विकासका लागी साना भन्दा पनि ठुला योजनामा केन्द्रीत भएर लाग्न सुझाब दिएका छन। सहभागीले सेवा प्रवाहको गुनासो तथा विकास निर्माणका काम बारे प्रश्न तथा सुझाब दिएका थिए।

# कर्णालीमा महिलालाई समानुपातिककै भर

**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**

कर्णालीमा महिलालाई सांसद बनाउँदा प्रत्यक्षतर्फ भन्दा समानुपातिकमा मात्रै सांसद बनाउने चलन रहेको एउटा प्रतिवेदनले उल्लेख गरेको छ। कर्णाली फाउण्डेसनले गरेको अनुसन्धानमा महिलालाई समानुपातिक मात्रै सांसद बनाउने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रदेशसभाका दुई कार्यकालमा पनि महिला सहभागिता उल्लेख्य रुपमा सुधार हुन नसकेको अध्ययन प्रतिवेदनले देखाएको छ। प्रदेशसभाका दुई कार्यकालमा महिला प्रतिनिधिलाई राजनीतिक दलहरुले प्रत्यक्षमा अवसर नदिने गरेको कर्णाली फाउण्डेसनका अध्यक्ष नारायणप्रसाद भट्टराई बताउँछन्।

'समानुपातिकमा पनि ३३ प्रतिशत महिला अनिवार्यताका कारण मात्रै सम्भव भएको छ,' उनले भने, 'महिला प्रतिनिधिमा दलित र जनजातिको प्रतिनिधित्व निकै कम छ।' भौगोलिक हिसाबमा दुर्गम जिल्ला जुम्ला, मुगु,

बाँकी ४ पेजमा




# 'सामाजिक नियमन विधेयकमा नकारात्मक भाष्य स्थापित हुँदैछ'

**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**




नेकपा एमालेका स्थायी कमिटी सदस्य एंव प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सामाजिक सञ्जाल नियमन गर्न सरकारले ल्याएको विधेयकका बारेमा गलत भाष्य निर्माण गर्न खोजिएको बताएका छन्। शनिबार सुर्खेतमा जारी प्रेस चौतारी नेपाल कर्णाली प्रदेशको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै गौतमले नागरिकलाई अधिकारप्रति सचेत गराउनु नियन्त्रण नभई नियमन भएको दावी गरे।

संविधानले नागरिकलाई सम्मान पूर्वक बाच्न पाउने अधिकार प्रत्याभुति गरेको उल्लेख गर्दै गौतमले सो अधिकारको प्रयोग एक स्वाभिमान नागरिकले कसरी प्रयोग गरिरहेको छ भनेर राज्यले हेर्न खोज्नुलाई नियन्त्रणको भाषामा अपबाह फैलाउन मिडियानै उद्दत रहेको दावी गरे। पछिल्लो समय सामाजिक सञ्जालले नागरिकलाई आत्मसम्मान पूर्वक बाच्न नदिएको उल्लेख गर्दै यसको नियमन आवश्यक रहेको उनको भनाई थियो। सामाजिक र सांस्कृतिक रुपमा मिलेर बसेको नेपाली समाजलाई भाड्न खोज्ने एकाध व्यक्तिलाई के लेख्ने, के भन्ने विषयमा सबक सिकाउन आवश्यक रहेको गौतमले बताए। तथ्य प्रस्तुत गर्ने मिडियाहरु नै पछिल्लो समय स्वार्थ समूहतर्फ डाइभर्ट हुँदै गएको उल्लेख गर्दै जवाफदेहितासहित आएको विधेयकलाई गहिरो अध्ययन गरेर मात्रै पत्रकाहरुले विचार प्रस्तुत गर्नुपर्ने धारणा राखे।

यस्तै, अधिवेशनमा बोल्दै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आफू नेतृत्वमा आइसकेपछि विगतमा अलपत्र परेका ८० प्रतिश आयोजनाहरु अघि बढेको बताए। आफू नेतृत्वमा आएपछि विगतमा निर्माण व्यवसायी तथा सरकारका कारण अलपत्र परेका योजना अघि बढाउन सफल भएको कँडेलको दावी छ। आफुले जिम्मेवारी पाएको दिनदेखि कर्णालीको विकासमा सबै दलहरुको साझा धारणा बनाएर संघीय सरकारसँग समन्वयको भूमिका निर्वाह गरिरहेको कँडेलको दावी छ। खरायोको गतिमा हिँड्नुपर्ने कर्णाली स्रोतको अभाव र भएको स्रोतको पनि सही सदुपयोग हुन नसक्दा कर्णालीले अपेक्षित गति लिन नसकेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले यसको सुधारका लागि सबैको हातेमालो आवश्यक रहेको दावी गरे।



## सम्पादकीय....

# कर्णाली कोरिडोर निर्माणमा गति देऊ !

कर्णाली प्रदेशलाई उत्तर-दक्षिणी छिमेकी मुलुकसँग जोड्ने त्रिदेशीय लाइफ लाइन कर्णाली कोरिडोर स्तरोन्तीमा संघीय सरकारले प्राथमिकता दिन सुरु गरेको छ। संघीय सरकारले उक्त सडक खण्ड अन्तर्गत पिलुचौर-कुवाडी (बाजुरा खण्ड) र कुवाडी-तुमचौर (हुम्ला खण्ड) को ५० किलोमिटर सडक स्तरोन्तीका लागि चार अर्ब बजेटको स्रोत सुनिश्चित भई ठेक्का प्रक्रिया अघि बढेसँगै सडकले प्राथमिकता पाउने संकेत देखा परको छ। संघीय सरकारले कर्णाली कोरिडोरका लागि यसअघि यति ठुलो परिणाममा बजेट व्यवस्थापन गरेको थिएन। पूर्वाधार विकासमा पछाडि परेको कर्णाली क्षेत्रको समृद्धिका लागि निर्माण सुरु गरिएको कर्णाली करिडोरलाई यहाँका बासिन्दाले आफ्नो भाग्य र भविष्यसँग जोड्ने गरेका छन्। 'साउथ एन्ड नर्थ एक्सिस गोर्थ' का रूपमा लिइएको कर्णाली कोरिडोरले नेपाललाई चीन र भारतसँग जोड्छ। चीनसँग जोडिएको हुम्लाको हिल्सादेखि बाँकेको जमुनाह नाकासम्म विस्तार हुने यो राजमार्गको नाम कर्णाली कोरिडोर नामकरण गरी ट्र्याक खोल्न थालिएको २३ वर्ष पुरा भइसकेको छ।

नेपालको भौगोलिक विकटता र पूर्वाधार अभावका कारण कर्णाली प्रदेश देशकै सबैभन्दा कम विकसित क्षेत्रमध्ये एक हो। कर्णालीको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि सडक सञ्जाल नै प्रमुख पूर्वाधार हो। तर, दुर्भाग्यवश यो महत्वाकांक्षी योजना लामो समयदेखि सुस्त गतिमा अगाडि बढिरहेको छ। कर्णाली कोरिडोर नेपालको दक्षिणी भूभागदेखि चीनको सीमासम्म जोड्ने महत्वपूर्ण सडक योजना हो। यो सडकले सुर्खेत, दैलेख, कालिकोट, जुम्ला, मुगु र हुम्लालाई जोड्दै तिब्बतको नाका हिल्सासम्म पुग्छ। यदि यो कोरिडोरले समयमै पूर्णता पाएको खण्डमा कर्णाली प्रदेशको आर्थिक गतिविधि वृद्धि हुने मात्र नभई नेपाल-चीन व्यापार प्रवर्द्धनमा समेत टेवा पुग्नेछ। स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने अवसर मिल्नेछ भने, पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्नेछ। यो सडकले पूर्णता पाएको खण्डमा धार्मिक पर्यटनमा बढवा दिन सकिन्छ। हुम्लाबाट देख्न सकिने कैलाश मानसरोवर दर्शनका लागि कर्णाली कोरिडोरले पूर्णता पाएको खण्डमा भारतीय धार्मिक पर्यटकलाई भित्र्याउन सहज हुनेछ। यसले स्थानीयस्तरमा रोजगारीसँगै आयआर्जनमा बृद्धि हुनेमा दुई मत छैन।

तर, कोरिडोर निर्माण कार्य सुस्त गतिमा अगाडि बढिरहेको छ। भौगोलिक कठिनाइ, बजेट अभाव, प्रशासनिक लापरबाही तथा ठेकेदार कम्पनीहरूको ढिलासुस्तीले परियोजना समयमै सम्पन्न हुन सकेको छैन। स्थानीय बासिन्दाहरूले पटक-पटक आवाज उठाए पनि ठोस पहलको अभावमा समस्या यथावत् छ। यदि यसरी नै ढिलाइ गरिरहियो भने कर्णाली प्रदेशका नागरिकहरूले यातायात सुविधा नपाउने मात्र नभई विकासको गतिमा समेत पछाडि पर्नु पर्ने निश्चित छ। यसकारण, सरकार र सम्बन्धित निकायले अब ढिलाइ नगरिकन कर्णाली कोरिडोर निर्माणलाई तीव्रता दिनु आवश्यक छ। परियोजनाका लागि आवश्यक बजेट तुरुन्त उपलब्ध गराइनुपर्छ। ठेकेदार कम्पनीहरूलाई तोकिएको समयमा कार्य सम्पन्न गर्न दवाव दिनुपर्छ भने आवश्यक परे वैकल्पिक समाधान खोजिनुपर्छ। साथै, गुणस्तरीय निर्माण कार्य सुनिश्चित गर्दै कोरिडोर दिगो बनाउन प्रविधि तथा इन्जिनियरिङ पक्षलाई समेत सशक्त पार्नुपर्छ। कर्णाली प्रदेशको समृद्धि त्यहाँका नागरिकहरूको दैनिक जीवन सहज बनाउने मात्र नभई सम्पूर्ण राष्ट्रकै आर्थिक तथा भौतिक विकाससँग जोडिएको विषय हो। यदि राज्यले आवश्यक चासो देखाएर निर्माण कार्यमा तीव्रता ल्याउने हो भने कर्णाली कोरिडोरले देशकै समृद्धिको ढोका खोल्नेछ। यसर्थ अब कुनै पनि बहानाबाजीले निर्माण कार्यमा ढिलाई गरिनु हुँदैन।

## विश्व

# ट्रम्पले बर्खास्त गरे झण्डै १० हजार संघीय कर्मचारी



**वासिङ्टन, ३ फागुन ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले झण्डै १० हजार संघीय कर्मचारीलाई बर्खास्त गरेका छन्। अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सका अनुसार शुक्रबारसम्म ट्रम्पले झण्डै १० हजार कर्मचारीलाई बर्खास्त गरेका हुन्।

आन्तरिक मामिला, ऊर्जा, सैन्य मामिला, कृषि तथा मानव सेवामा लगायत दर्जनौ विभागमा कार्यरत कर्मचारीहरू बर्खास्त गरिएको रोयटर्सको समाचारमा उल्लेख छ।

बर्खास्तीमा पर्नेहरुमा अधिकांश परीक्षणकालमै रहेका कर्मचारीहरू रहेको भनिएको छ। बोस्टनको अदालतले कर्मचारीलाई निस्कासन गर्ने ट्रम्पको योजनामा यसअघि नै बाटो खुला गरिदिएको थियो। अदालतले ट्रम्प प्रशासनलाई इच्छुक कर्मचारीहरूलाई राजीनामा गराउने प्रक्रिया पुनः सुरू गर्न भनेको थियो। यद्यपि ट्रम्पले उक्त प्रक्रियामा अब निरन्तरता नहुने भनेका थिए। ट्रम्प प्रशासनले यसअघि स्वेच्छिक राजीनामा गर्न भनेर संघीय कर्मचारीहरुलाई इमेल पठाएको थियो। स्वेच्छिक राजीनामा गर्दा आगामी सेप्टेम्बर महिनासम्म काम नगरी तलब दिइने आश्वासन पनि दिइएको थियो। त्यसरी इमेल पठाइएकामध्ये ७५ हजार कर्मचारीले राजीनामाको प्रस्ताव स्वीकार गर्दै इमेलको जबाफ फर्काएका थिए।

अमेरिकामा २३ लाख संघीय कर्मचारी छन्। ट्रम्पले जिम्मेवारी सम्हालेपछि कर्मचारी प्रशासनको आकार घटाएर खर्च कटौती गर्ने उद्घोष गरेका थिए। त्यसको नियमनका लागि सरकारी दक्षता विभागका प्रमुख इलन मस्कलाई जिम्मेवारी दिएका थिए।

केही दिनअघि ट्रम्पले कर्मचारी कटौतीको विषयमा मस्कसँग मिलेर काम गर्न अमेरिकी एजेन्सीहरूलाई निर्देशन दिँदै कार्यकारी आदेश जारी गरेका थिए। बर्खास्तीमा परेका कर्मचारीहरूले आफूहरू राज्यको धोखाधडीमा परेको गुनासो गरेका छन्। उनीहरूले मस्कको भूमिकाको बैधानिकतामा पनि प्रश्न उठाएको रोयटर्सले जनाएको छ।

# छापा पत्रकारिताको भविष्य



✍ शिवकुमार भट्टराई




प्रजातन्त्र र स्वतन्त्र पत्रकारिता एउटा सिक्काका अलग पाटा हुन्। कुन देशको पत्रकारिताको अवस्था कस्तो छ भन्ने जान्न त्यहाँको राजनीतिक प्रणाली बुझे पुग्छ। अर्थात्, प्रजातन्त्रिक शासन प्रणालीमा मात्रै स्वतन्त्र पत्रकारिताको परिकल्पना गर्न सकिन्छ। यो नितान्त सैद्धान्तिक पक्ष हो तर व्यवहारमा भने परिवेश फरक हुन सक्छ।

नेपालमा लोकतान्त्रिक शासन प्रणालीको अभ्यास गरिँदै छ। जनताको भोट पाएका पार्टी वा नेताले सत्ता सञ्चालन गर्न पाउँछन्। संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ। व्यवहारमा भने नेपाली पत्रकारिता अझै स्वतन्त्र हुन सकेको छैन। यसका अनेक कारण छन्, त्यसमध्ये मुख्य कारण आर्थिक, राजनीतिक र मनोवैज्ञानिक हुन्। त्यसैले नेपाली पत्रकारिता क्षेत्रले अपेक्षित उचाइ पाउन सकिरहेको छैन तर सम्भावना नै नरहेको भने पक्कै होइन।

नेपाली पत्रकारिता क्षेत्र मुलुकको हरेक राजनीतिक परिवर्तनको साक्षी रहेको छ। हरेक आन्दोलनलाई यसले बलियो समर्थन गरेको छ। चाहे २०३६ सालको विद्यार्थी आन्दोलन होस् वा ०४६ र ०६२/६३ को जनआन्दोलन। नेपालका पत्रकार सधैँ आन्दोलनको अग्रमोर्चामा देखिए। कतिपय अवस्थामा त राजनीतिक दलभन्दा पनि उपल्लो दर्जामा पत्रकारले नागरिकको विश्वास र भरोसा जितेका थिए। तत्कालीन राजा ज्ञानेन्द्रको कदमविरुद्ध नेपाली जनताले राजनीतिक दलभन्दा पत्रकार वा पेसागत सङ्घ संस्थालाई बढी विश्वास गरे। त्यसैको बलमा १९ दिने जनआन्दोलनले उचाइ लियो। फलतः ज्ञानेन्द्रको सत्ता धराशायी भयो अनि देशमा गणतन्त्रको बीजारोपणसमेत भयो। लोकतन्त्र स्थापनापछिको पत्रकारिता स्वतन्त्र त थियो तैपनि व्यवहारमा भने अनेकन झमेला भने बेहोरेको अवस्था रह्यो।

वाक् तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा नेपाली प्रेस अलि बढी नै आक्रमक पनि देखिएको हो। अहिले फेरि नेपाली पत्रकारिता जगत्ले सामाजिक सञ्जालसम्बन्धी सरकारले संसद्मा प्रस्तुत गरेको विधेयकप्रति चासो देखाएको छ। राष्ट्रिय सभामा दर्ता भएको सामाजिक सञ्जाल सञ्चालन प्रयोग र नियमनसम्बन्धी विधेयकले कतै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउन खोज्नेहरूलाई सहयोग त गर्दैन ? भन्ने चासो र चिन्ता व्याप्त छ। नेपाली पत्रकारको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले यसबारे चिन्ता र चासो लिनु स्वाभाविक हो तर सरोकारवालासँग छलफल गर्दा समस्याको हल खोज्न नसकिने होइन।

सामाजिक सञ्जालको प्रयोग सधैँ राम्राका लागि मात्रै भएको मान्न सकिने अवस्था छैन। नेपालमा मात्र नभई संसारभरि नै सामाजिक सञ्जालले विकृतिसमेत फैलाएको गुनासो बढ्दो छ। यसलाई नियन्त्रण र नियमन गर्न आवश्यक रहेको सरोकारवालाकै आवाज हो। त्यसैले यो विधेयकले समाजमा भ्रम र घृणा फैलाउनेहरूलाई नियन्त्रण र नियमन गर्न खोजेको अर्थमा लिँदा गलत भन्न नमिल्ला। यसैको दुरुपयोग गरी मूलधारको पत्रकारिताको घाँटीसमेत निमोट्ने प्रयास नहोला भन्न सकिन्न। खबरदारी गर्ने काम पत्रकारकै हो। त्यसैले महासङ्घले यो विधेयकबारे पर्याप्त छलफल होस् भनी राखेको माग गलत होइन। सरकारले पनि असल नियतले ल्याएको विधेयकमा छलफल र संवाद नगर्ने भन्ने पक्कै हुँदैन।

यति बेला मूलधारको पत्रकारिता ओझेलमा परेको छ। सूचना प्रविधिले मारेको छलाङले छापा पत्रकारिता ठुलो सङ्कटमा छ। यो समस्या हाम्रो मात्र होइन, विश्वभरि नै चुलिएको छ। कतै छापा माध्यम सखापै हुने त होइन भन्ने बहस नभएका होइनन् तर समयक्रमले यो सही ठहरिएको छैन। युरोप, अमेरिका जस्ता विकसित मुलुकमा समेत छापा प्रकाशन भइरहेका छन्। यसको प्रभाव भने विगतभन्दा निस्तेज हुँदै गएको हो कि जस्तो भान परेको छ। नेपालको कुरा गर्ने हो भने चुनौतीसँगै सम्भावना पनि छ। डिजिटल मिडियासँगको प्रतिस्पर्धा, आर्थिक कठिनाइ र पाठकको रुचि पहिचान गर्न नसक्दा छापा माध्यमले सङ्कट भने बेहोरिरहेको अवस्था छ।

यसको अस्तित्व र प्रासङ्गिकता भने अझै कायमै छ। सामाजिक सञ्जाल वा न्युज पोर्टलमा आएका सूचनाभन्दा पाठकका लागि अझै छापा माध्यममा प्रकाशित समाचार बढी भरपर्दा रहेका छन्। अन्यत्र जेसुकै देखेपढेको भए पनि पत्रपत्रिकामा छापिएपछि मात्र ढुक्क हुने अवस्था भने अझै विद्यमान छ।

कतिपयले अब छापा माध्यमको भविष्य नै छैन भन्ने तर्क गर्ने गरेका छन् तर यो बिल्कुलै सत्य होइन। चुनौतीको दायरा भने फराकिलो भएको चाहिँ अवश्य पनि छ। अब छापा पत्रकारिताले डिजिटल माध्यमसँग सहकार्य गरेर आफ्नो पहुँच र प्रभाव विस्तार गर्न सक्नु पर्छ। अधिकांश छापा माध्यमले अहिले नै आफ्नो अनलाइन संस्करण थालिसकेका छन्। यसबाट पाठकसँगको सामीप्य विस्तार भइरहेको छ। प्रविधिसँग डराउने वा भाग्ने होइन बरु प्रविधिसँग मिलेर अघि बढ्न सक्दा राम्रो हुने छ। डिजिटल प्लेटफर्ममा समाचार, ब्लग, भिडियो, पोडकास्ट पोस्ट गरेर युवा जमात्सँग जोडिन सहज हुने छ।

अब परम्परागत रूपमा झारा टार्ने पत्रकारिताबाट छापा माध्यम चल्न सक्ने अवस्था छैन। गुणस्तरमा कुनै सम्झौता गर्ने छुट वा सुविधा छापा माध्यमलाई छैन। गुणस्तरीयतालाई प्राथमिकता दिएर जाने हो भने छापा माध्यमको भविष्य अझै पनि कमजोर देखिँदैन। स्टन्ट वा हावादारी समाचार भन्दा यथार्थ सूचना दिने पत्रिकाको पहिचान बनाउन सकियो भने त्यो छापा माध्यमप्रतिको विश्वसनीयता अझै बढ्ने देखिन्छ। डिजिटल मिडियामा फैलिएका गलत सूचना र अफवाहबाट छापा पत्रकारिताले आफूलाई अलग गर्न सक्यो भने पाठकको विश्वास कायमै रहने छ। यसका लागि अनुसन्धानमूलक समाचारमार्फत खोज पत्रकारितालाई प्रश्रय दिन सकिन्छ। यसले पाठकको ध्यान आकर्षित गर्न सकिन्छ। साथै, पत्रकारितामा आफ्नो छुट्टै पहिचान र आधारशिला तयार हुने छ।

अर्को उपाय भनेको स्थानीय समाचारलाई प्राथमिकता दिइयो भने पनि त्यसले बल पुग्ने छ। छापा माध्यमले स्थानीय समाचार वा समाचारमूलक सामग्री महत्वका साथ प्रकाशित गर्ने हो भने पाठकको रुचि बढाउन सक्छ। इन्टरनेटको पहुँच नभएका ग्रामीण भेगमा अझै पनि छापा माध्यम नै सूचनाका भरपर्दा स्रोत हुन्। यो वर्गको रुचि र चाहनालाई प्राथमिकीकरण गरी छापा पत्रकारिता गर्ने हो सम्भावना कायमै छ।

पत्रकार आचारसंहिताको पालना गर्ने प्रवृत्तिलाई अपनाउने हो भने छापा पत्रकारिताको भविष्य अझै उज्ज्वल छ। निष्पक्ष र पारदर्शी ढङ्गले समाचार वा समाचारमूलक सामग्री उत्पादनमा आफूलाई केन्द्रित गर्न सक्नु पर्छ। यसले छापा माध्यमको विश्वसनीयता अझै झाङ्गिने अवस्था छ, समाजमा आफ्नो भूमिका, प्रभाव र उपस्थितिको औचित्य पुष्टि हुने छ।

पाठकको रुचि अनुसारको सामग्री उत्पादनमा जोड दिँदै विश्वसनीयता कायम राख्नु नै छापा पत्रकारिताको मुख्य पुँजी हो। छापा माध्यमले आफ्नो आयस्रोतलाई परम्परागत भन्दा समय अनुसार बदल्न सक्नु पर्छ। विज्ञापन र बिक्रीवितरणबाट मात्रै आयआर्जन गर्ने परम्परागत मोडल बदल्न जानु पर्छ। एक त विज्ञापनको बजार नै साँघुरो हुँदै छ। आर्थिक मन्दीको डरलाग्दो अवस्था छ। त्यसैले पत्रपत्रिका बेचेर वा विज्ञापनको मात्रै भर परेर अब पत्रिका चलाउन सक्ने अवस्था छैन। सामान्य सामग्री प्रकाशन गर्दा विज्ञापन आउने अवस्था छैन। विशेष सामग्री प्रकाशन गर्ने र त्यसैसँग सरोकार राख्ने पक्षसँग साझेदारीमा प्रकाशन गर्ने मोडलबाट मात्रै अब खर्च धान्न सकिने छ।

सबैभन्दा महत्वपूर्ण भनेको प्रविधिको प्रयोग गरेर छापा पत्रकारिताको पहुँच र प्रभाव विस्तार गर्न सकिन्छ। कृत्रिम बौद्धिक (एआई), डाटा एनालिटिक्स जस्ता प्रविधिको प्रयोगबाट पत्रकारिताको क्षमता बढाउन सकिन्छ। प्रिन्टिङमा आधुनिक प्रविधिको प्रयोगबाट लागत कटौती गर्न सकिन्छ। साथै, नयाँ पुस्ताको रुचि र चाहना सम्बोधन गर्न सघाउ पुग्छ। एआईको बढ्दो प्रयोगले छापा पत्रकारितालाई चुनौती पनि थपिएको छ। अहिले एआईको प्रयोगबाट नै सामग्री तयार गर्ने र जस्ताको तस्तै प्रकाशनका लागि सम्प्रेषण गर्ने प्रवृत्तिले सृजनशीलता र मौलिकता स्खलित हुन थालेको छ।

पत्रकारसमेत विभिन्न राजनीतिक दलका भातृसंस्थाका अङ्ग बनेका छन्। राजनीतिक दलसँग आबद्ध भएपछि त्यहाँ निष्पक्ष पत्रकारिताको कल्पनासमेत गर्न सकिन्न। त्यसैले दलसँगको आबद्धता त्याग्ने नीति नियम कार्यान्वयन गर्न सकियो भने नेपालको समग्र पत्रकारिताको ओज बढाउन सकिने छ। यस्ता केही उपाय अपनाउने हो भने नेपाली पत्रकारिता र खास गरी छापा पत्रकारितालाई नयाँ उचाइमा पुऱ्याउन सकिन्छ।

*(गोरखापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | ९८२२४११५८६ |
| शव वाहन | ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | ०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | ०८७-६८००८० |
| डोल्पा | ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | ०८८-४०१०४८ |
| नेपालगन्ज | ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | १०१ |
| भेरीगंगा न.पा. | ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — कार्यक्षेत्रमा अनुभवको लाभ मिल्नेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। निजी कार्यमा दौडधुप धेरै गर्नुपर्ला। विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा सफलता मिल्नेछ।

**वृष** — कार्यक्षेत्रमा सहयोगीहरूको साथ मिल्नेछ। घरपरिवारमा रमाइलो र मंगल कार्यको योग छ। विद्यार्थीहरूको पढाइ लेखाइमा प्रगति हुनेछ।

**मिथुन** — व्यापार व्यवसायमा मनपर्ने इष्टमित्रको सहयोग मिल्नेछ। कार्यक्षेत्रमा बुद्धिको उपयोगले कार्य सम्पादन गर्न सकिएला। प्रेम सम्बन्ध कसिलो हुनेछ।

**कर्कट** — नयाँ नोकरी हात लाग्नमा सफलता पाइनेछ। धार्मिक कार्य सफल रहनेछन्। रोजगारको क्षेत्रमा नयाँ अवसरहरू मिल्नेछ।

**सिंह** — सरकारी मामिलाहरू टाल्ने प्रयास नगर्नुहोस् विवाद हुन सक्ला। लामो समयदेखि रोकिएका कार्यहरू सम्पादन हुनेछन्।

**कन्या** — कार्यक्षेत्रमा अधिकारी वर्गहरूको साथ र सहयोग मिल्नेछ। अधिकार प्राप्तिको लागि संघर्ष अलि धेरै गर्नुपर्ला।

**तुला** — सामूहिक कार्यमा सबैको कुरा सुनेर निर्णय लिँदा राम्रो सफलता मिल्नेछ। यात्रा सचेत भएर गर्नुहोला। व्यापार व्यवसायमा श्रीवृद्धि हुनेछ।

**वृश्चिक** — व्यापार व्यवसायमा अधुरा कार्य सम्पादन हुनेछन्। शुभचिन्तकहरूले पुरा साथ दिनेछन्। अाँनलाइन धोखा मिल्न सक्ला सावधान रहनुहोस्।

**धनु** — मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भइनेछ। आर्थिक पक्ष मजबुत रहनेछ साथै घरको साज सजावटमा धन खर्चका योग छन्।

**मकर** — कुनै अप्रिय समाचारले मन खिन्न रहन सक्छ। कार्यक्षेत्रमा बोलिको विपरीत अर्थ लाग्नेछ। संवैधानिक पदको मर्यादालाई लिएर सावधान

**कुम्भ** — रोजगारको नयाँ अवसर प्राप्त हुनेछ। साझेदारी व्यापारमा नयाँ योजनाहरू प्रारम्भ हुनेछन्। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ।

**मीन** — विद्यार्थीहरूलाई उच्च अध्ययनमा राम्रो सफलता मिल्नेछ। वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। राजनीतिक क्षेत्रमा सफल भइनेछ।

# मन्त्रीहरूको कार्यसम्पादनसँग सन्तुष्ट छैनन् कर्णालीका मुख्यमन्त्री

**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**

कर्णालीका मुख्यमन्त्री यामलाल कँडेल मन्त्रीहरूको कार्यसम्पादनसँग असन्तुष्ट देखिएका छन् । अर्धवार्षिक समीक्षाका क्रममा कँडेलले अपेक्षा अनुसार मन्त्रीहरूको कार्यसम्पादन नपाएपछि असन्तुष्टि जनाएका हुन् ।

प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनासम्म योजना तथा बजेट कार्यान्वयनमा खासै प्रभावकारी नतिजा ल्याउन सकेको छैन ।

मंगलबार र बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अर्धवार्षिक समीक्षा भयो । उक्त समीक्षा बैठकमा मन्त्रीहरूले मुख्यमन्त्री समक्ष अर्धवार्षिक रिपोर्ट पेस गरे । जसमा अधिकांश मन्त्रीको रिपोर्ट कमजोर देखिएको मुख्यमन्त्री निकट स्रोत बताउँछ ।

पुँजीगत अर्थात् विकास बजेट कार्यान्वयनका सन्दर्भमा अधिकांश मन्त्रीहरू असफल भएको निष्कर्ष मुख्यमन्त्रीको छ । ६ महिनाको अवधिमा ३१ अर्ब ४१ करोड ४१ हजार कुल बजेटमध्ये ४ अर्ब ७५ करोड ४६ लाख ६२ हजार अर्थात् १५.१४ प्रतिशत खर्च भएको छ । त्यसमा विकास बजेट ८.९० प्रतिशतमात्रै कार्यान्वयन भएको अवस्था छ ।

चालु आर्थिक वर्ष १८ अर्ब ७५ करोडभन्दा बढी विकास बजेट छ । मुख्यमन्त्री कँडेलले विकास बजेट कार्यान्वयनलाई प्रमुख एजेण्डाका रूपमा अघि बढाए पनि मन्त्रीहरूले भने प्रतिबद्धता अनुसार काम गर्न नसकेका हुन् ।

कार्यसम्पादनका हिसाबले सबैभन्दा कमजोर जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढा र सरकारका प्रवक्तासमेत रहेका भूमि, व्यवस्था, कृषि तथा सहकारी विकासमन्त्री विनोदकुमार शाह छन् । पुँजीगततर्फ धेरै बजेट हुने मन्त्रालयमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयपछिका यिनै मन्त्रालय हुन् ।

जलस्रोत तथा ऊर्जामन्त्री बुढाले ६ महिनामा ५.६८, कृषिमन्त्री शाहले ४.९१ प्रतिशतमात्रै विकास बजेट कार्यान्वयन भएको रिपोर्ट मुख्यमन्त्री समक्ष पेस गरे । यस्तै उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले सो अवधिमा ४.७२ प्रतिशत, सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले १४.९३, भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले १०.०२ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको रिपोर्ट पेस गरेका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र कानुन मन्त्रालयमा पुँजीगत बजेट र विकास कार्यक्रम खासै हुँदैनन् ।

पाँचमध्ये वार्षिक कार्यक्रम कार्यान्वयन र बजेट कार्यान्वयनका हिसाबले सबैभन्दा धेरै बजेट रहेको भौतिक मन्त्रालयको रिपोर्ट सन्तोषजनक रहेको मुख्यमन्त्री कँडेलको भनाइ थियो । भौतिकमन्त्री बुढाले मुख्यमन्त्रीसँगको प्रतिबद्धता अनुसार नै काम गरेको र अहिलेसम्म चालु आर्थिक वर्षका ९२ प्रतिशतभन्दा बढी आयोजना कार्यान्वयनमा लगिसकेका छन् ।

यस्तै सामाजिक विकासमन्त्री भण्डारीको पुँजीगत शीर्षकको बजेट अवस्था प्रतिशतका हिसाबले सन्तोषजनक रहे पनि कार्यक्रम कार्यान्वयनका हिसाबमा अझै प्रभावकारी बनाउनुपर्नेमा मुख्यमन्त्री कँडेलले जोड दिए ।

पुँजीगत बजेट र कार्यक्रम धेरै हुने ५ मध्ये सबैभन्दा कमजोर जलस्रोत तथा ऊर्जा, कृषि र उद्योग मन्त्रालय छन् । मुख्यमन्त्री कँडेलले छोटो समय रहेकाले बजेट कार्यान्वयनलाई प्रभावकारी रूपमा अगाडि बढाउन निर्देशन दिएका छन् । कमजोर कार्य सम्पादन रिपोर्ट रहेकामध्ये कृषिको नेतृत्व एमालेका शाह र उद्योग र जलस्रोत मन्त्रालयको नेतृत्व कांग्रेसले सम्हालेको छ ।

जलस्रोत तथा ऊर्जामन्त्री बुढाले त साउनमा गरेको प्रतिबद्धतालाई नै बेवास्ता गरेकी छन् । असोज मसान्तमै चालु आर्थिक वर्षका सबै कार्यक्रम कार्यान्वयनमा लैजाने प्रतिबद्धता भए पनि अहिलेसम्म २३ प्रतिशत योजना कार्यान्वयनमा लैजान बाँकी नै छ । उक्त मन्त्रालयमा यो वर्ष एक हजारभन्दा बढी विकासे आयोजना छन् ।

‘साउनका जुन प्रतिबद्धता अनुसार काम हुनुपर्थ्यो, त्यो अनुसार भएन भन्ने मुख्यमन्त्रीलाई परेको छ,’ मुख्यमन्त्रीको सचिवालयका एक सदस्यले रातोपाटीसँग भने, ‘समीक्षा बैठकमा मुख्यमन्त्रीज्यूले निर्देशन पनि दिइसक्नु भएको छ ।’

उनका अनुसार अधिकांश मन्त्रीको कार्यसम्पादन निकै कमजोर रहेकोमा मुख्यमन्त्री असन्तुष्ट छन् । प्रतिपक्षमा हुँदा सरकारले पुँजीगत बजेट कार्यान्वयन सुधार गर्न नसकेको भन्दै चर्को आलोचना गर्ने कँडेल अहिले आफैँ सरकारको नेतृत्वमा छन् । विकास बजेट कार्यान्वयनको अवस्थामा व्यापक सुधार, योजनाहरूको प्रभावकारी कार्यान्वयन कँडेलको प्राथमिकतामा थिए ।

सोही अनुसार मुख्यमन्त्री कँडेलले साउन १० गते मन्त्री, सचिवसहित १० वटै जिल्लामा रहेका १३४ वटा कार्यालयका प्रमुखलाई प्रदेश राजधानी वीरेन्द्रनगरमा भेला गरी बजेट कार्यान्वयन सन्दर्भमा सामूहिक प्रतिबद्धता जनाउन लगाएका थिए । साथै बजेट कार्यान्वयन र वार्षिक योजना कार्यान्वयनका सन्दर्भमा ९ बुँदे प्रतिबद्धता जनाउन लगाएका थिए ।

कँडेलको निष्कर्ष थियो–विकास बजेट कार्यान्वयनमा सुरुवातदेखिनै अग्रसर हुनुपर्छ । असोज मसान्तसम्म चालु आर्थिक वर्षका सम्पूर्ण आयोजना तथा कार्यक्रम कार्यान्वयनका लगिसक्नुपर्ने प्रतिबद्धतामा उल्लेख छ । यद्यपि अहिले मन्त्रीहरूको रिपोर्टमा उक्त प्रतिबद्धता अनुसार काम हुन सकेको देखिँदैन ।



## समीक्षा बैठकपछि कँडेलका निर्देशनहरू

कमजोर कार्यसम्पादन देखिए पनि मुख्यमन्त्री कँडेलले मन्त्रीहरूलाई बजेट कार्यान्वयनमा सुधार र प्रभावकारी कार्यसम्पादनका लागि निर्देशन दिएका छन् । उनले सबै मन्त्रालयको बजेट कार्यान्वयन गर्ने कार्यालय प्रमुख परिवर्तन गर्न भनेका छन् ।

‘कार्यालय प्रमुख योग्यमध्ये पनि योग्य व्यक्तिलाई बनाउनुहोस्,’ मन्त्रीलाई निर्देशन दिँदै कँडेलले भने, ‘विधायिकाको काममा पनि सबै मन्त्रालयको भूमिका उत्साहजनक देखिँदैन । प्रदेश सभालाई बिजनेस दिन र आवश्यक कानुन निर्माणका लागि पनि विधायिकाको कामलाई प्रभावकारी बनाउनुस् ।’

चालु आर्थिक वर्षको बाँकी समयमा तीव्र गतिका साथ काम अगाडि बढाउन मुख्यमन्त्री कँडेलले मन्त्रीहरूलाई निर्देशन दिए । उनले थपे, ‘हालसम्म बजेट कार्यान्वयनमा देखिएका कमजोरी वा सिकाइ व्यवस्थापनका लागि सुधार कार्ययोजना पनि तत्काल बनाउनुस् ।’

भौतिक मन्त्रीलाई काम सम्पन्न भएका आयोजनाहरूको भुक्तानी दिन उनले निर्देशन दिए ।

# सिँचाइले सुक्खा जमिन हराभरा बन्दै



**युग संवाददाता**
**दाङ, ३ फागुन ।**

लामो समयदेखि पानी नपर्दा हिउँदमा जमिन सुक्खा हुने र लगाएको बाली सुक्ने समयमा दाङको घोराही उपमहानगरपालिका-६ का खेतबारी हरियाली छन् । उपमहानगरपलिकाको सहयोगमा वडा कार्यालयले वडाका प्रत्येक गाउँलाई समेट्ने गरी बोरिङ र ‘स्यालो ट्युबवेल’ निर्माण गरेपछि यहाँका खेतबारी हरियाली भएका हुन् । हिउँदमा सुक्खा हुने जमिन हराभरा भएर नागरिकको आम्दानीसमेत वृद्धि भएको छ ।

घोराही-६ का श्रीधर अधिकारीले धान काटेको खेतमा तोरी छरेका छन् । उनको खेतमा आकाशे पानीको भरमा खेती हुने गरेको थियो । गत वर्षदेखि उहाँले बोरिङको पानीले सिँचाइ गरेर खेती गर्न थालिएको छ । उनले भने, “धान काटेपछि खेत बाँझो हुने गर्दथ्यो, सिँचाइ सुविधा थिएन, तोरी किनेर खानुपर्ने बाध्यता थियो, तर अहिले १० पाथी तोरी बिक्री गर्न पाइयो, बाह्रै महिना खेती हुने गरेको छ ।”

पानीको सुविधा भएपछि तोरी, मकै र तरकारीखेती गरेर बाह्रै महिना हरियाली हुने गरेको उनले बताए । “बोरिङको उपभोक्ता समिति बनाएका छौँ, एक घण्टाको रु दुई सय तिरेर सिँचाइ गर्ने गरेका छौँ”, उनले भने । घोराही-६ गुरगैका प्रेम चौधरीले १० कठ्ठा खेतमा काउली, बन्दा र प्याजखेती गरेका छन् । खेतीपातीबाटै उहाँले वार्षिक सात लाख आम्दानी गर्ने गरेको बताए ।

तरकारी, आलु, प्याजलगायत बिक्री गर्ने गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “सिँचाइको समस्या छैन, तीन वर्षअघिसम्म खानेपानीकोसमेत समस्या हुने गरेको थियो, वडा कार्यालयले प्रत्येक टोलमा बोरिङको व्यवस्था गरेपछि खेतबारीमा सिँचाइ गरेको पानीले खानेपानीको मुहान पनि ‘चार्ज’ भएर इनार तथा कुवामा पनि प्रशस्त पानी हुने गरेको छ ।”

घोराही-६ का वडाध्यक्ष विष्णुराम आचार्यले सिँचाइका लागि वडा भरमा १० बोरिङ र चार स्यालो ट्युबवेल सञ्चालनमा आएको बताए । उनका अनुसार एउटा बोरिङले ३० बिघा जमिन सिँचाइ गर्ने गरेको र स्यालो ट्युबवेलले चार बिघा जमिनमा सिँचाइ हुने गरेको छ । खेतीपाती गर्ने किसानलाई आत्मनिर्भर गराउन र बाँझो जमिन नराख्ने उद्देश्यले काम गरेको उनले बताए । “वडा नं ६ को चार सय बिघा जमिनलाई सिँचाइ सुविधा पुगेको छ”, उनले भने, “केही पानीका योजना सम्पन्न हुने क्रममा छन्, ती सम्पन्न भएपछि वडाका सबै जमिनमा सिँचाइ सुविधा पुग्नेछ ।”

# सेनाको २१ किलोमिटर हाफ म्याराथनको उपाधि करण र कल्पनालाई



**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**

नेपाली सेनाले आयोजना गरेको २१ किलोमिटर हाफ म्याराथनको उपाधी करण रावल र कल्पना बुढाले हात पारेका छन् । सेनाले हरेक वर्ष आफ्नो स्थापना दिवसका अवसरमा आयोजना गर्ने रनफर युनिटी अन्तर्गत म्याराथन प्रतियोगिताको उपाधी पुरुषतर्फ रावल र महिलातर्फ बुढाले हात पारेका हुन् । शनिबार २६२ औं सेना दिवसको अवसरमा नेपाली सेनाको उत्तरपश्चिम पृतनाले प्रतियोगिता आयोजना गरेको हो ।

यस्तै, हाफ म्याराथनको पुरुषतर्फ भानु मानन्धर द्वतिय र थीरबहादुर बुढा तृतीय भएका छन् भने महिलातर्फ राज्यलक्ष्मी रावल द्वितीय सन्दीपा बुढा तृतीय भएका छन् । उनीहरुले मेडल र प्रमाणपत्रसहित क्रमशः ३५ हजार, २५ हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरेका छन् । यस्तै, १० किलोमिटर दौडमा पुरुषतर्फ युवकराज बुढा प्रथम, बुद्धराम तामाङ द्वितीय र मुकेश शाही तृतीय हुँदा महिलातर्फ समिता बुढा प्रथम, मिनु बढा द्वितीय संगीता बुढा तृतीय भएका छन् । पाँच किलोमिटर दौडमा छात्रतर्फ सम्राट शाह र छात्रातर्फ सृष्टि खत्रीले द्वितीय स्थान हासिल गरेका थिए ।

## विदेशमा...

‘अब श्रीमानलाई यतै बोलाउने तयारीमा छु ।’ दुना टपरी बनाएर एक छोरा एक छोरीलाई बोडिङ्ग स्कुलमा पठाउने गरेको भूमिकाले बताइन् । ‘दुना टपरी बनाउँदा रोजगारी मिलेको छ । कमाई पनि भएको छ,’ उनले भनिन्, ‘यो सीप नहुँदा घरमा बस्नु पर्ने र के गरौ के गरौं हुने गरेको थियो ।’

धार्मिक कार्यका लागि महत्वपूर्ण मानिदैँ आएको दुना टपरी बनाउँदा स्वरोजगार हुनका साथै मनग्य आम्दानी गर्न सफल भएको भुमिकाले बताइन् । ‘जंगलमा खेर गइरहेका पातलाई प्रयोग गरेर दुना टपरी बनाउँदा आम्दानी र स्वरोजगार भइएको छ,’ उनले भनिन्, ‘यसबाट गाउँका अन्य महिलालाई पनि पात टिपेर ल्याउँदा आम्दानीमा जोडिने मौका मिलेको छ ।’ खासगरी धार्मिक स्थल, पूजाआजा गर्ने ठाउँ र सार्वजनिक कार्यक्रम हुने ठाउँबाट दुना टपरीको माग आउने गरेको उनले बताइन् ।

# गाँजा र चरेससहित सात जना पक्राउ

**युग संवाददाता**
**दाङ, ३ फागुन ।**

जिल्ला प्रहरी कार्यालय रुपन्देहीले ठूलो परिणामको गाँजा र चरेससहित सात जना व्यक्तिलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देही र लागुऔषध नियन्त्रण ब्युरो भैरहवाबाट खटिएको संयुक्त टोलीले २० किलोग्राम चरेस र २१ किलोग्राम गाँजासहित त्यसमा संलग्न सात जनालाई पक्राउ गरेको हो ।

प्रहरीले रुपन्देही सिद्धार्थनगर नगरपालिका-४, वडा नम्बर ८ र तिलोत्तमा नगरपालिका वडा नम्बर १५ मा लागुऔषध कारोबार हुँदै गरेको भन्ने गोप्य सूचनाका आधारमा लागुऔषध र कारोबारमा संलग्नलाई पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख रञ्जितसिंह राठोरले जानकारी दिए ।

प्रहरीले धादिङ गजुरी गाउँपालिका-८ बस्ने ३३ वर्षीय दीपक तामाङ, सोही स्थानका ३६ वर्षीय सुनबहादुर तामाङ, ३१ वर्षीय नक्कलबहादुर तामाङ, ४१ वर्षीय प्रेमलाल तामाङलाई पक्राउ गरेको छ ।

त्यसैगरी रुपन्देही सिद्धार्थनगर नगरपालिका-४ आदर्शनगर बस्ने २५ वर्षीय जीवन मल्लाह, तिलोत्तमा नगरपालिका-१४ बस्ने २३ वर्षीय २३ दिलीप केवट र स्याङ्जा नगरपालिका वडा नम्बर १ बस्ने ३८ वर्षिय जीवनाथ पाण्डे रहेका छन् । प्रहरीले लागुऔषध कारोबारमा संलग्न उनीहरुको थप अनुसन्धान भइरहेको जनाएको छ ।

## दौतरी...

उद्योग खोलेको भेरीगंगा रामजानकी दुना टपरी उद्योग अध्यक्ष रहेकी तिलावती बुढामगरले बताइन् । ‘एक जना सदस्यको सुत्केरी, एक जना बिरामी, एक जना घरायसी काममा व्यस्त भएका कारणले अहिले हामी दुई जनाले उद्योग चलाइरहेका छौं,’ उनले भनिन्, ‘अहिले हामी दुई जनाले उद्योग चलाएका छौं । काम सिक्न आउनेलाई पनि दुना टपरी बनाउन सिकाउँछौं पनि ।’

गाउँ नजिकै सालका पात पाइने वन क्षेत्र धेरै हुँदा दुना टपरी उद्योग सञ्चालन गर्न सहज भएको उल्लेख गर्दै यसको बजारीकरणमा समस्या नभएको बुढामगर बताउछिन । ‘हामीले बनाएको दुना टपरी स्थानीय छिन्चु बजार, नेपालगंज सुर्खेतको वीरेन्द्रनगर लगायतका बजारमा जाने गरेको छ,’ उनी भन्छिन्, ‘अहिले हिउँदको समयमा सालको पात पाउन भने अलि समस्या हुने गरेको छ ।’ उद्योगका लागि आवश्यक पात स्थानीयवासीवासीबाट खरिदसँगै आफैले पनि पात टिपेर ल्याउने गरेको बुढा मगरले बताइन् । ‘प्रति दुना-टपरीको मूल्य आकार अनुसार दुई रुपैयाँदेखि २० रुपैयाँसम्ममा बेच्ने गरेका छौं,’ उनले भनिन्, ‘हामीले उद्योगमा दैनिक एक हजारदेखि दुई हजारसम्म टुना टपरी बनाउने गरेका छौं ।’


# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## सम्झौता गर्न आउने बारे सूचना

**सूचना प्रशाशित मिति :- २०८१/११/०१**

उपरोक्त सम्बन्धमा यस गुर्भाकोट नगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०८१/१०/२४ गतेको आसयपत्रको सूचना अनुसार तपशिल बमोजिमका बोलपत्र खोलिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम कारबाहि हुदा सारभुत रुपमा प्रभावग्राही रहेका तपशिलका फर्म रहेकाले सोही ऐनको उपदफा ३ बमोजिम सम्झौताका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै, आजको १५ दिन भित्रमा मिति २०८३/०४/३० सम्मको बैंक ग्यारेन्टी र वर्क सेडुल सहित, यस कार्यालयमा सम्झौताका लागी आउन जानकारी गराईन्छ ।

| सि. नं | ठेक्का नम्बर | योजनाको नाम | फर्मको नाम | कबोल अंक भ्याट बाहेक | बैंक ग्यारेन्टी रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SO/WORKS/ GM/01/2081/082 | Ward no–7 and different road Gravelling and other construction works Mehelkuna, Surkhet | R.N Nirman Sewa Birendranagar, Surkhet | Rs:1437425.00 | रु १०१०००।०० (एक लाख एक हजार मात्र) | योजना २०८२ जेष्ठ १५ गते भित्र काम सम्पन्न गरिसक्नु पर्ने । |
| २ | SO/WORKS/ GM/02/2081/082 | Machakharka dhodrekhola culvert and Kuinetara machakharka road construction works ward no-4, Sahare, Surkhet | Pranab Nirman sewa Gurbhakot-9, Surkhet | Rs:1691263.35 | रु १३२०००।०० (एक लाख बत्तीस हजार रुपैया मात्र) | योजना २०८२ जेष्ठ १५ गते भित्र काम सम्पन्न गरिसक्नु पर्ने । |
| ३ | SO/WORKS/ GM/03/2081/082 | Ward No-4 Different road construction works Sahare, Surkhet | Bharat Nirman Sewa Gurbhakot-2, Surkhet | Rs:1306532.00 | रु ९५०००।०० (पन्चानब्वे हजार मात्र) | योजना २०८२ जेष्ठ १५ गते भित्र काम सम्पन्न गरिसक्नु पर्ने । |
| ४ | SO/WORKS/ GM/04/2081/082 | Ward No-14 Different road construction works Gumi, Surkhet | Nep Builders Surkhet | Rs:829333.80 | रु ७२०००।०० (बहत्तर हजार मात्र) | योजना २०८२ जेष्ठ १५ गते भित्र काम सम्पन्न गरिसक्नु पर्ने । |

**प्रमुख प्रशासकिय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# अपाङ्गतामैत्री शौचालय नहुँदा समस्यामा विद्यार्थी



**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**

सुर्खेतको भेरीगंगा नगरपालिका-११ मा रहेको शिखर माविमा पढ्ने दृष्टिविहीन छात्र खिमबहादुर बस्नेतले अपाङ्गतामैत्री शौचालय नहुँदा आफूहरुलाई निकै सास्ती भैरहेको गुनासो गरेका छन् ।

उक्त विद्यालयमा पढ्ने आफूजस्तै अन्य २० जना विद्यार्थी सबैलाई अपाङ्गतामैत्री शौचालय, नुहाईधुवाइ गर्ने ठाउँ र पिउने पानी लगायतका आधारभूत आवश्यताबाटै बञ्चित हुनुपरेको बस्नेतले दुःखेसो गरे । सुर्खेत उद्योग वाणिज्य संघको सहकार्यमा अमेरिकन कर्नर सुर्खेतले शनिबार रामघाटमा गरेको जनप्रतिनिधसँग युवा सम्वादमा भेरीगंगाका मेयर यज्ञप्रसाद ढकालकै अघि उनले यस्तो गुनासो गरेका हुन् ।

विद्यालयमा पढ्ने अरु विद्यार्थीहरुसँगै एउटै शौचालय र स्नानघर प्रयोग गर्नुपर्दा आफूहरुलाई निकै कठिनाई भैरहेको उनले अनुभव सुनाए । अपाङ्गता भएका विद्यार्थीहरुले विगतमा आफूहरुले मासिक चार हजार सामाजिक सुरक्षा भत्तावापत पाउँदै आएकोमा बढेको सुनेपनि यसबाट बञ्चित भइरहेको उनको गुनासो छ ।

यस्तै, कक्षा ११ की छात्रा कल्पना थापाले आफूहरु विद्यालय भवनको पहिलो तल्लामा पढ्नुपर्ने र भवनभन्दा टाढा भूईँतल्लाको शौचालय प्रयोग गर्नुपर्ने बाध्यतामा रहेको सुनाइन ।

कक्षा ८ की छात्रा दीपा जीसीले विद्यालयमा नर्सको व्यवस्था भएपनि औषधीको व्यवस्था नभएको गुनासो गरिन् । वडा नं १३ मा रहेको मावि काशीपुरकी छात्राा जेनिषा वीसीले स्थानीय पाठ्यपुस्तक नपाएको बताइन् । यस्तै, कक्षा १२ की छात्रा धना खड्का र आकृति केसीले नेपाल सरकारले कक्षा १२ सम्म निःशुल्क शिक्षा भनिएपनि कतिपय विद्यालयले विभिन्न बहानामा अभिभावकसँग रकम असुली रहेकोतर्फ नगरप्रमुखको ध्यानाकर्षण गराईन् ।

विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरसँगै विद्यार्थीहरुले नीति निर्माणका विषयमा पनि नगर प्रमुखसँग जिज्ञासा राखेका थिए ।

विद्यार्थीका गुनसोपछि नगर प्रमुख ढकालले आवश्यता अनुसारका नयाँ शौचालय बनाइने आश्वासन दिए । विभिन्न संघसंस्था र दातृ निकायहरुको सहयोगमा आफूहरु विद्यालयमा शौचालय, पुस्तकालय र छात्रावास बनाउने योजनामा रहेको उनले दावी गरे । नेपाल सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयले कुनैपनि बहानामा अतिरिक्त शुल्क लिन नपाउने भन्दै निजीश्रोतबाट थप कक्षा संचालन गर्ने विद्यालयले भने स्वेच्छिक रकम सहयोगस्वरुप लिन पाउने ढकालले बताए ।

# दुई करोडको लागतमा छात्राबास भवन निर्माण हुँदै

**युग संवाददाता**
**कञ्चनपुर, ३ फागुन ।**

शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित श्रीकृष्ण माध्यमिक विद्यालयमा छात्रावास भवन निर्माणको अगाडि बढाइएको छ । राष्ट्रिय योजना आयोगको रु तीन करोड ३५ लाखमध्ये रु दुई करोड २० लाखको लागतमा घटाघटीमा छात्रावास निर्माण अघि बढाइएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर सिंहका अनुसार निर्माण भैरहेको दुई तले छात्रावासमा १२ कोठा, छ वटा शौचालय र स्नान कक्ष निर्माण हुनेछन् । भवन निर्माण चालु आर्थिक वर्षको असार मसान्तभित्रै पूरा हुने सम्झौता छ ।

"भवनको फाउन्डेसन निर्माण पूरा हुन लागेको छ", उनले भने, "फाउन्डेसनको कार्य पश्चात टाइविमको काम सुरु हुन्छ ।"

विसं २०२२ मा स्थापना भएको विद्यालयमा हाल चार सय २५ विद्यार्थी अध्ययनरत छन । "विद्यालयमा छात्रावास नहुदा आइएससी एजी पढने विद्यार्थीलाई गाह्रो भएको थियो", विद्यालयका प्रधानाध्यापक पिताम्बर जोशीले भने, "छात्रावास निर्माणले विद्यार्थीलाई डेरा खोजेर बस्नुपर्ने बाध्यताको अन्त्य हुनेछ ।"

# माछा मार्न गएका युवक तिला नदीमा बेपत्ता



**युग संवाददाता**
**कालीकोट, ३ फागुन ।**

कालीकोटमा माछा मार्ने क्रममा तिला नदीमा डुबेर एक जना युवक बेपत्ता भएका छन् । तिलागुफा नगरपालिका-४ राँचुली गाउँका २४ वर्षीया भोजनबहादुर शाही तिला नदीमा माछा मार्ने क्रममा डुबेर बेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय कालीकोटका अनुसार शनिबार बिहान माछा मार्नका लागि नजिकैको नदीमा गएका शाही नदीमा डुबेर बेपत्ता भएपछि खोजी थालिएको छ ।

बेपत्ता भएको खबर पाएपछि स्थानीयवासी र प्रहरी टोली घटनास्थलमा पुगेर खोजी गरिरहेको भन्दै हालसम्म उनको अवस्था अज्ञात रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गोविन्द्रप्रसाद चौधरीले जानकारी दिए ।

स्थानीय प्रशासन, प्रहरी, स्थानीय युवाहरूको सक्रियतामा बेपत्ता शाहीको खोजी भइरहेको तिला गुफा नगरपालिकाका उपप्रमुख महेन्द्रबहादुर शाहीले बताए ।

# सात अर्बमात्र बढ्यो कर्जा

**युग संवाददाता**
**काठमाडौं, ३ फागुन ।**

माघ महिनामा कर्जा विस्तार वृद्धि अन्य महिनाको तुलनामा निकै घटेको छ । पुसमा ९४ अर्बले बढेको कर्जा विस्तार वृद्धि माघमा ७ अर्ब रुपैयाँ बढेर ४८ खर्ब २३ अर्ब रुपैयाँ पुगेको हो । पुसमा ४८ खर्ब १६ अर्ब रुपैयाँले कर्जा विस्तार वृद्धि भएको थियो ।

'विगतका वर्षहरूमा पनि माघमा कर्जा विस्तार वृद्धि सुस्त नै हुने गरेको थियो । अहिले पनि यही ट्रेन्ड कायम भयो,' बैंकर्स संघका सदस्यसमेत रहेका एभरेष्ट बैंकका सीईओ सुदेश खालिङले भने ।

चालु आवमा सबैभन्दा धेरै कर्जा विस्तार पुसमा भएको छ । वाणिज्य बैंकहरूले पुसमा ९४ अर्ब रुपैयाँले कर्जा प्रवाह बढाएका छन् । तर, पुसको वृद्धि माघमा टिक्न सकेन । 'क' वर्गका बैंकहरूले माघ २५ सम्ममा ७ अर्ब रुपैयाँमात्रै कर्जा विस्तार बढाउन सकेका छन् । गत असारमा ४५ खर्ब ७१ अर्ब रुपैयाँ वाणिज्य बैंकहरूमार्फत कर्जा प्रवाह भएकोमा माघसम्ममा ४८ खर्ब २३ अर्ब पुगेको छ । सात महिनाको अवधिमा २ खर्ब ५२ अर्ब रुपैयाँमात्रै कर्जा विस्तार बढेको बैंकर्स संघको तथ्यांक छ । यो ५.५१ प्रतिशतको वृद्धि हो ।

साउनमा वाणिज्य बैंकहरूको कर्जा विस्तार दुई अर्ब रुपैयाँले बढेर ४५ खर्ब ७३ अर्ब पुगेको थियो । भदौमा कर्जा विस्तार बढ्ने क्रममा रह्यो । भदौमा ५३ अर्बले बढेर कर्जा विस्तार ४६ खर्ब २६ अर्ब रुपैयाँ पुगेको थियो ।

त्यसपछि चाडपर्वको समय असोजमा कर्जा विस्तार ५६ अर्बले बढेको थियो । असोजमा वाणिज्य बैंकहरूले ४६ खर्ब ८२ रुपैयाँ कर्जा विस्तार गर्न सकेकोमा कात्तिकमा २ अर्ब रुपैयाँले घट्न पुग्यो । कात्तिकमा कर्जा विस्तार घटेर ४६ खर्ब ८० अर्ब रुपैयाँमा संकुचित भएको थियो । कात्तिकमा ऋणात्मक बनेको कर्जा विस्तार वृद्धि माघमा भने ४२ अर्ब रुपैयाँले बढ्यो । मंसिरमा ४७ खर्ब २२ अर्ब रुपैयाँ पुगेको वाणिज्य बैंकहरूको कर्जा विस्तार पुसमा यो आर्थिक वर्षकै सबैभन्दा धेरै ९४ अर्ब रुपैयाँले बढेर ४८ खर्ब १६ अर्ब रुपैयाँ पुग्यो ।

त्यसपछि माघ २५ सम्ममा पुसको तुलनामा ७ अर्ब रुपैयाँमात्रै बढेर ४८ खर्ब २३ अर्ब रुपैयाँ पुगेको छ । दोस्रो त्रैमासको अन्तिममा कर, कर्जाको किस्ता तथा ब्याजलगायत तिर्नुपर्ने दबाबका कारण पनि कर्जा बढेको थियो । तर, माघमा त्रैमासको अन्तिमको दबाब नपर्ने भएका कारण विगतदेखि नै कर्जा कम विस्तार हुने गरेकोमा अहिले पनि त्यसैको निरन्तरता भएको बैंकरहरू बताउँछन् ।

माघमा बैंकहरूको निक्षेप पनि ८ अर्ब रुपैयाँले मात्रै वृद्धि भएको छ । माघ २५ सम्ममा निक्षेप ५९ खर्ब ९६ अर्ब रुपैयाँ पुगेको छ । पुसमा निक्षेप ५९ खर्ब ८८ अर्ब रुपैयाँ पुगेको थियो । वाणिज्य बैंकहरूको कर्जा निक्षेप अनुपात ७९.२९ प्रतिशत रहेको छ । तथ्यांकअनुसार यो अवधिसम्म निक्षेप ४.४१ प्रतिशतले वृद्धि हुँदा कर्जा वृद्धि ५.५१ प्रतिशतले भएको छ । यो तथ्यांकलाई हेर्दा चालु आवमा कर्जा विस्तार वृद्धि सुस्त रुपमै भए पनि बढिरहेको छ । यसरी कर्जा विस्तार बढाउनका लागि ब्याजदरको पनि सहयोग रहेको बैंकरहरू बताउँछन् ।

पछिल्लो समय ब्याजदर घटेर निकै न्यून विन्दुमा झरिसकेको छ । फागुनका लागि पनि ब्याजदर स्थिर छ । यसले कर्जा विस्तारका लागि अझै सहयोग पुग्ने बैंकरहरूको अपेक्षा छ । केन्द्रीय बैंकका अनुसार २०८१ पुसमा वाणिज्य बैंकहरुको औषत आधार दर ६.६५ प्रतिशतमा झरेको छ । गत आवको सोही अवधिमा ९.३५ प्रतिशत थियो । त्यसैगरी २०८१ पुसमा वाणिज्य बैंकहरुको कर्जाको भारित औषत ब्याजदर ८.६९ प्रतिशत रहेकोमा २०८० पुसमा ११.३८ प्रतिशत थियो ।

ब्याजदर कम हुँदै गर्दा आयात पनि बढ्न थालेको छ । केन्द्रीय बैंकका अनुसार चालु आवको पुससम्ममा कुल वस्तु आयात ७.१ प्रतिशतले बढेको छ । गत आवको सोही अवधिमा आयात ३.१ प्रतिशतले घटेको थियो । आयात बढ्दै जानुको अर्थ बजार चलायमान बन्न थालेको छ । अहिले बैंकहरूमा कर्जाको माग पनि विगतको तुलनामा बढ्न थालेको छ ।


## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रू. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com


## पर्यावरण...

गर्ने र फाल्दा हुने प्रदुषण रोक्न दुना टपरीमा जोड दिइनुपर्ने माग उनको छ । 'सरकारले प्लाष्टिक प्रयोगमा प्रतिवन्ध त लगाएको छ तर, कार्यन्वयन प्रभावकारी छैन्,' उनले भनिन्, 'सरकारले प्लाष्टिकका भाडामा पूर्ण प्रतिबन्ध लगाएर दुना टपरी बनाउँन जोड दिएमा कयौंले रोजगारी पाउँछन् । यसले महिलालाई आत्मनिर्भर बनाउन सघाउ पुग्दछ ।'


## कर्णालीमा...

जाजरकोट आदिबाट प्रतिनिधित्व नभएको पहिलो कार्यकालमा महिला उपसभामुख रहेकोमा दोस्रो कार्यकालमा दुबै सभामुख र उपसभामुख महिला रहेको अध्यक्ष भट्टराईले बताए । 'महिलाहरुलाई विश्वास गरी मुख्य जिम्मेवारी वा हैसियत दिने प्रचलन अझैं दलहरुमा हाबि देखिएको अवस्था छ,' उनले भने, 'हालसम्म विषयगत समिति अध्यक्ष र सचेतकको भूमिका पाउने महिला सांसदको संख्या निकै कम छ ।'

हालसम्म कर्णालीको मन्त्रीपरिषदमा ४० जना पुरुष मन्त्री भइसकेको अवस्थामा जम्मा चार जना पूर्ण र दुई जना राज्यमन्त्री गरी जम्मा ६ महिला मात्रै मन्त्री भएको भट्टराईले बताए । 'प्रदेश सरकारले महिलालाई मन्त्रीपरिषद्मा स्थान दिन चासो नदिएका कारण अदालतमा रिट नै दायर गर्नुपर्ने अवस्था आएको छ,' उनले भने, 'प्रभावकारी आरक्षण प्रणाली संविधानले तोकेको ३३ प्रतिशत आरक्षण प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्छ ।' महिलाको प्रतिनिधित्व मात्र नभई नीति निर्माण र निर्णय गर्ने तहमा महिलाका प्रभावकारी उपस्थिति अनिवार्य गरिनुपर्ने र पार्टीहरूले महिला उम्मेदवार छनोट गर्दा क्षमता र योग्यतालाई प्राथमिकता दिनुपर्ने उनको सुझाव छ । पहिलो प्रदेशसभामा १३ जना महिला सांसद रहेकोमा अहिलेको संसदमा १५ जना महिला सांसदको प्रतिनीधित्व हुनु, प्रदेशसभामा सभामुख र उपसभामुख महिला हुनुले महिला सांसदको भूमिका बढ्दै गएको अध्यक्ष भट्टराईले बताए ।


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।





budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।